
# समृद्ध कञ्चनरूपको ६ आधार

## व्यावहारिक शिक्षा, निःशुल्क स्वास्थ्य, व्यावसायिक कृषि, सामाजिक न्याय, व्यापार र स्वरोजगार



कञ्चनरूप नगरपालिकाको नगर प्रमुख पदका
उम्मेदवार भोलाकुमार पासवान र उहाँको प्यानलको

# चुनावी घोषणापत्र

**यो घोषणापत्र मात्र होइन, स्थानीय चुनावपछिको मार्ग निर्देशक दस्तावेज हो । नगर प्रमुखका रूपमा यो मेरो प्रतिबद्धतापत्र हो जुन प्रतिबद्धता पूरा गर्ने क्षमता, सामर्थ्य र अठोटसहित लाग्ने प्रण गर्दछु ।**

## कञ्चनरूपप्रति लगाव

समृद्ध कञ्चनरूप मेरो सपना र विपना दुवै हो । नगरबासीको खुसी नै मेरो लक्ष्य हो । म सप्तरीको हालको कञ्चनरूप नगरपालिकामै जन्मिएको व्यक्ति हुँ । अवसर नै भनौँ, म मेरो समुदायबाट यो गाउँबाट एसएलसी पास गर्ने पहिलो व्यक्ति बन्न पुगेँ । त्यसपछि मैले पत्रकारिता र सामाजिक अभियन्ताका रूपमा काम गर्दै उच्च शिक्षा हासिल गरेँ ।

मैले आर्जन गरेको शिक्षा र मैले देखेको बाहिरी संसारले मलाई आफ्नै गाउँ फर्कायो । गाउँ फर्केपछि यहाँका बालबालिकाको मुहार फेर्ने कोसिसमा लागेँ । मैले जीवनको १८ वर्ष पत्रकारितामा लगाएँ । समाजका पीडा, दु:ख, सङ्घर्ष र खुसीका यथार्थसँग जोडिएँ । यसैगरी समाजशास्त्र अध्ययन गर्दै सामाजिक अभियन्ताका रूपमा काम गरेँ । अभियानसँगै समाजशास्त्रमा स्नातकोत्तर पास गरेँ । पत्रकारिता/सामाजिक अभियानका क्षेत्रमा गरेका अनुभवले मलाई देश/विदेशमा एउटा राम्रो पहिचान बनाउन सघायो । सानादेखि ठूला मञ्चमा हाम्रा सरोकारबारे बोल्ने र बहस गर्ने हैसियत दियो । तर म आफ्नै ठाउँको परिवर्तनका लागि केही गर्ने जिम्मेवारीबोधका साथ गाउँ फर्किएँ । आमूल सामाजिक-राजनीतिक परिवर्तनका लागि अठोट मात्र होइन, जनमत र शक्ति पनि चाहिन्छ । त्यसैले म राजनीतिमा होमिएको हुँ ।

कञ्चनरूप अर्थात् मेरो जन्मभूमिलाई लिएर म त्यत्तिकै भावनामा डुबेको हैन । आफ्नै स्वर्गतुल्य भूमिमा पनि नरकीय जीवन जीउन बाध्य सयौँ दाजुभाइ/दिदीबहिनीको पीडाले मलाई हरदम घोच्छ । सङ्घीयतापछि समेत आफ्नो गाउँठाउँको विकास आफैँ गर्न पाउने अवसरलाई प्रयोग गर्न नपाएर अझै पनि तल्लो स्तरको जीवन बाँच्न विवश जनसमुदायको अवस्थाले पीडा हुन्छ । यो जनताका दुर्दशा टुलुटुलु हेरेर बस्ने अवस्था हैन, उनीहरूलाई दु:खको जालोबाट उतार्ने समय हो । शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत अधिकार सुनिश्चित गरेर जनतालाई सुखी र खुसी तुल्याउने समय हो । यसका लागि मैले केही सपना देखेको छु । ज्ञान, सिप र अनुभव बटुली कञ्चनरूपको मुहार फेर्ने आधार तय गरेको छु । मेरोमात्रै हैन, हामी सबै नगरबासीको सपना पूरा गर्न वा कञ्चनरूप नगरको काँचुली फेर्ने स्पष्ट दृष्टिकोण र कार्ययोजनासहित म राजनीतिमा प्रवेश गरेको हुँ र नगर प्रमुखको उम्मेदवार बनेको हुँ ।

कोरोनाको पहिलो र दोस्रो लहरमा स्वयंसेवी भएर कञ्चनरूप नगरपालिकालगायत

मधेस प्रदेशभर ८० हजार परिवारलाई राहत (खाद्यान्न) वितरण गरेको, जाडोबाट बच्न विपन्न २० हजार जनतालाई ब्ल्याङ्केट र फाइबर सिरक वितरण गरेको, कञ्चनरूपमा सञ्चालित आइसोलेसन सेन्टरमा कोरोनाका बिरामीलाई एक महिनासम्म खाना खुवाएको, कञ्चनरूप र सिरहाको कर्जन्हामा करोडौँको मेडिकल सामग्री (भिडियो एक्स-रे, डिजिटल एक्स-रे, भेन्टिरलेटर, अक्सिजन कन्सन्टेटर, पिपिइ सेट, प्लस अक्सिमिटर, माक्स, ग्लोब्स, सेनिटाइजरलगायत) वितरण गरेको जस्ता कार्य यहाँको स्मृतिमा ताजै छ । आगामी दिनमा यस्तै सामाजिक सेवालाई अझ विस्तारित रूप दिन पनि राजनीतिक बाटो रोजेको प्रष्ट पार्न चाहन्छु ।

अरूले गरेनन् । हामी पछाडि नफर्किउँ । अब हामीले के गर्नुपर्छ, त्यो सोचौँ । त्यसैले मैले नगर प्रमुखमा विजय भएपछि कञ्चनरूपबासीको मुहार हँसिलो पार्न गर्नुपर्ने धेरै काम के हुन भनेर निर्क्योल गरिसकेको छु । ती काम गर्नुभन्दा पहिले नगर क्षेत्रमा रहेका सम्भाव्यताहरूको खोजी गर्नुपर्छ । विकासका विभिन्न मोडलमध्ये सकारात्मक खोज विधि अवलम्बन गरी सक्षम जनशक्ति निर्माण गर्नुपर्नेछ । समुदायका सम्भाव्यताहरूबाटै शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, सामाजिक विकास, वातावरणीय विकास र व्यापारका क्षेत्रलाई आकर्षित तुल्याउनुपर्छ ।

यही घोषणापत्रमार्फत समृद्ध कञ्चनरूप नगर निर्माणमा म तन, मन र वचनसहित प्रतिबद्ध भएर लाग्ने घोषणा गर्दछु । तर यसलाई सफल पार्न तपाईंको भूमिका अहं रहन्छ । तपाईंले धेरै गर्नुपर्दैन, मात्र छाता चिह्नमा छाप लगाइदिए पुग्छ । त्यसपछिको बाँकी जिम्मेवारी मेरो ।

तपाईंले गर्ने क्षणभरको सोच र लगानीले तपाईं, तपाईंको परिवार र गाउँ/समाजसमेतको भविष्य निर्धारण गर्छ । अर्थात पाँच वर्ष कसरी बित्छ भन्ने कुरा तपाईंले लिएको एउटा निर्णयले पाँच वर्ष कसरी बित्छ भन्ने कुरामा फरक पार्नेछ । मलाई विश्वास छ, तपाईंले सही निर्णय लिनुहुनेछ । यो कुरा पक्का छ- मेरो जीत तपाईंको जीत र हितमा हुनेछ ।

त्यसैले, अहिले नै यो सङ्कल्प गरौँ- थप पाँच वर्ष खेर फाल्न सक्दैनौँ । सही क्षणमा सही निर्णय गरौँ र सुगम, व्यवस्थित, सम्पन्न र सामाजिक न्यायसहितको कञ्चनरूपको जग हालौँ ।

## हाम्रो सपना र जिम्मेवारी : निःशुल्क शिक्षा, सुलभ स्वास्थ्य र गरिबी अन्त्यका लागि रोजगारी

नगर प्रमुखको भूमिकामा धेरै काम गर्न सकिन्छ । किनकि नगर प्रमुख भनेको स्थानीय तहको प्रमुख मात्र होइन, स्थानीय सरकारको प्रमुख हो । यो पदले नेतृत्व र व्यवस्थापकीय क्षमताको माग गर्छ । प्रशासकीय कुशलताका साथ सुशासनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न उत्तिकै दक्ष हुनुपर्छ । नागरिकसँगको सम्बन्ध सरल र सहज बनाउनुपर्ने हुन्छ । अनिमात्र परिणाम निकाल्न सकिन्छ ।

म नगर प्रमुखको जिम्मेवारीमा रहेर मुख्यतय यी क्षेत्रमा ध्यान दिनेछु :

१. शिक्षा (विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, सिप तथा रोजगारमूलक शिक्षा, सचेतना तथा जनचेतामूलक शिक्षा, उच्च शिक्षामा समन्वय)
२. स्वास्थ्य (पोषणमा पहुँच, निःशुल्क स्वास्थ्य बिमा, स्वास्थ्य साक्षरता, चेकजाँच, औषधि उपचार, जटिल रोग निवारण गर्न स्वास्थ्य सेवा)
३. व्यावसायिक कृषि प्रणालीको विकास (बाँझो जमिनमा उत्पादन बढाउन सहयोग गर्ने, कृषिका लागि आवश्यक पर्ने मल, बिउ, सिँचाइ आदिमा सहयोग, सङ्कलन केन्द्र र बजारसम्मको पहुँच विस्तारमा जोड)
४. रोजगारी सिर्जना तथा उद्यमशीलता विकास (भौतिक र डिजिटल पूर्वाधार निर्माण तथा सञ्चालन, उद्यम र उद्योग, गरिखाने कार्यक्रम)
५. सामाजिक विकास (समाजलाई सभ्य, उन्नत र आधुनिक तथा सक्रिय तुल्याउन अत्यावश्यकीय काम गर्ने)
६. आवासको व्यवस्था (घरबास नभएकालाई आवासको व्यवस्था गर्ने)
७. डिटिजल कञ्चनरूप (सार्वजनिक ठाउँ, विद्यालय आदिमा इन्टरनेटको व्यवस्था गर्ने, नगरपालिकाअन्तर्गतका कामलाई अनलाइनमार्फत गर्ने व्यवस्था मिलाउने)
८. कञ्चनरूप पर्यटन गेटवे (नगरका पर्यटकीय ठाउँहरू पहिचान गरी प्रचारप्रसार गर्ने र पर्यटक भित्र्याउन सम्भाव्य सबै उपाय अपनाउने)
९. वातावरणीय विकास (नगरलाई वातावरणमैत्री बनाउन आवश्यक नीतिहरू बनाइ कार्यान्वयनमा ल्याउने)
१०. व्यापार (नगरको व्यापार/व्यवसाय/उद्योग विस्तारका लागि व्यापारी तथा उद्योग वाणिज्य महासङ्घसँग मिलेर कार्यक्रम बनाइ कार्यान्वयन गरिने)
११. महिला हिंसारहित कञ्चनरूप नगरपालिका
१२. जातीय विभेदरहित सामाजिक न्यायसहितको कञ्चनरूप नगरपालिका

## कञ्चनरूपलाई समृद्ध बनाउन गरिने मुख्य कार्य :

### १. शिक्षा

- सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा दिने सरकारी नीति पूर्णरूपमा कार्यान्वयन गर्ने । गुणस्तरीय र व्यावहारिक शिक्षा प्रत्याभूत गराउन बालबालिकालाई कक्षा कोठामा सीमित नराखी बाहिरी दुनियाँसँग घुलमिल र परिचित गराइनेछ ।
- मातृभाषा, नेपाली र अङ्ग्रेजी माध्यमबाट समेत पठनपाठन गर्ने आधार बलियो बनाउने । अङ्ग्रेजीको आधारभूत ज्ञानका लागि प्रत्येक विद्यालयमा मल्टिमिडियाबाट प्रोजेक्टर प्रयोग गरी प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।
- मातृ भाषा, दिगो विकास, स्थानीयता र रोजगारका आधारमा पाठ्यक्रम विकास गरिनेछ ।
- शिक्षकका लागि थप सुविधा तथा तालिम र अपुग शिक्षक व्यवस्था गरिनेछ ।
- डिजिटल कक्षा कोठा, पुस्तकालय, पिउने पानी, शौचालय, प्रयोगशाला, शिक्षक विश्रामस्थल, बाल पार्क तथा अनिवार्य खेलकुदका लागि खेलमैदान र खेल सामग्री व्यवस्था गरिनेछ ।
- अर्धवार्षिकरूपमा अन्तरविद्यालय रचनात्मक प्रतियोगिता आयोजना गरिनेछ ।
- आवश्यक परेमा बिहानी र बेलुकी कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- रिफ्लेक्ट कक्षामार्फत व्यावहारिक बन्न सिकाइनेछ ।
- सामुदायिक विषयमा छलफल गर्न लगाइनेछ ।
- विपन्न विद्यार्थीका लागि पायक पर्ने स्थानमा छात्राबासको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रका स्नातक पढिरहेका विद्यार्थीमध्ये एक सय जनालाई शैक्षिक स्वयंसेवकका रूपमा परिचालन गरी विभिन्न वडामा बिहानी र बेलुकी कक्षाहरू सञ्चालन गर्ने । नगरपालिकाले त्यस्ता स्वयंसेवकको पढाइ खर्च बेहोर्नुका साथै जागिरका लागि सहयोगी हुने तालिमहरू नि:शुल्क उपलब्ध गराइनेछ ।
- स्थानीय विषय (जस्तै- कञ्चनगढ, भजनेश्वर महादेव, विष्णु मन्दिर, खोतरदेवी, दुर्गा काली मन्दिर, पुस पूर्णिमालगायत विभिन्न जाति समुदायले मनाउने पर्व, ऐतिहासिक स्थानहरूको परिचयसहित) विद्यालयको पाठ्यक्रममा राखिनेछ ।

**कञ्चनरूप नगर फेलोसिप :**

- कञ्चनरूप न.पा.को शिक्षा, स्वास्थ्य सुधार तथा अन्य समाज सुधारका लागि २०० जनालाई २ वर्षे फेलोसिप प्रदान गरिनेछ ।
- सिर्जनात्मक सोच र कार्यान्वयन गर्न सकिने रचनात्मक योजना भएका बढीमा ११ जनाका लागि दुईदेखि दश लाख रुपियाँसम्म अनुदान उपलब्ध गराइनेछ ।
- अध्ययन र अनुसन्धान गर्ने अध्येता वा विद्यार्थीलाई एक लाख रुपियाँसम्मको शोध अनुदान उपलब्ध गराइनेछ ।
- उच्च शिक्षाका लागि शहरका उत्कृष्ट कलेजहरूसँग सहकार्य गर्दै वार्षिक ५० जनालाई छात्रवृत्तिको व्यवस्था गर्ने र पाँच जनालाई मेडिकल वा इन्जिनियरिङ क्षेत्रमा विद्यावारिधि (पिएचडी) गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- दीर्घकालीन अर्थतन्त्रमा प्रभाव पार्ने बृहत् परियोजनाका लागि दक्ष जनशक्ति निर्माण गर्न तीन जनालाई फेलोसिपमा अन्तर्राष्ट्रिय कोर्स लिन सहयोग गरिनेछ ।

## २. स्वास्थ्य

- कञ्चनरूपको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ बेडको अस्पताल बनाइनेछ ।
- सङ्घ, प्रदेश र दातृ निकायसँग समन्वय गरी कञ्चनरूपका सबै जनताको स्वास्थ्य बिमा नि:शुल्क गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा कम्तीमा ५ जना विशेषज्ञ डाक्टरको सेवा उपलब्ध गराइनेछ ।
- प्रत्येक तीन महिनामा गाउँघर क्लिनिकमै गर्भवती महिलालाई नि:शुल्क भिडियो एक्स-रेको व्यवस्था मिलाइनेछ ।
- बर्थिङ सेन्टर (प्रसुती गृह) नभएका सबै वडाका स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालन गरिनेछ । प्राथमिक स्वास्थ्य केन्द्रमा नि:शुल्क शल्यक्रिया सेवा सुचारु गरिनेछ ।
- नगरपालिकाकाभित्रका सबै स्वास्थ्य संस्थाको सुविधा सम्पन्न भवन निर्माण गरिनेछ ।
- आर्थिकरूपले विपन्न गर्भवती पहिचान गरी सुनौलो हजार दिन कार्यक्रमअन्तर्गत स्वस्थ आमा र बच्चाका लागि आवश्यक सहयोग गरिनेछ ।

- कुपोषित आमा र बच्चाहरू पत्ता लगाएर उनीहरूलाई सहयोग गरिनेछ ।
- आङ खस्ने महिला पहिचान गरेर कञ्चनरूपमै नि:शुल्क उपचारको व्यवस्था गरिनेछ ।
- स्वस्थ रहन आवश्यक पर्ने योग र व्यायामको व्यवस्था ठाउँ-ठाउँमा मिलाइनेछ ।
- हरेक स्वास्थ्य संस्थामा दक्ष जनशक्ति, उपकरण र औषधि उपलब्ध गराइनेछ ।
- बिरामी डिजिटल रेकर्ड र अस्पतालका डाक्टर टिम सहित टेलिमेडिसिनमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञबाट नियमित स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ ।
- आदर्श टोलमा आयुर्वेदिक अस्पताल अर्थात प्राकृतिक उपचार केन्द्र स्थापना गर्ने । रैथाने तथा अर्गानिक खाने कुरा, जडीबुटी, योगा, ध्यान तथा प्राकृतिक चिकित्सा पद्धतिबाट रोगको उपचार गर्ने व्यवस्था मिलाइनेछ ।
- विपन्न नागरिकका लागि नि:शुल्क एम्बुलेन्स सञ्चालनका साथै क्यान्सर, ब्रेन र मुटु अपरेसनका लागि पालिकाबाट एक लाख रुपियाँ दिइनेछ ।
- युवाहरुलाई दुर्व्यसनी हुन नदिन वा भएकाहरूलाई सही बाटोमा ल्याउन कार्यक्रमहरू गरिनेछ ।
- नगरभित्र फोहोर व्यवस्थापन गर्न डम्पिङ साइडसहितको व्यवस्थापन गर्ने र फोहोरको वर्गीकरण गरी छुट्टाछुट्टै सङ्कलनको व्यवस्था मिलाइनेछ ।
- ढल निकासको प्रबन्ध गरिनेछ ।
- गर्भवती पोषण भत्ता रु. १०,०००/- र एकल महिलालाई वार्षिक रु. ५,०००/- भत्ता उपलब्ध गराइनेछ ।
- मर्यादित महिनावारीका लागि पर्यावरणमैत्री जैविक प्याड उत्पादन गरी कञ्चनरूपबासी किशोरी र महिलालाई सहज र सुलभरूपमा उपलब्ध गराउनुका साथै उत्पादनमा अपाङ्गता भएका र पिछडीएका महिलालाई सहभागी गराइनेछ ।
- कञ्चनरूप नगरपालिकामा मातृ मृत्यु दर तथा बाल मृत्यु दर घटाइ आमा र बच्चाहरूको पोषण स्थिति सुधार गरिनेछ ।
- अन्तर्राष्ट्रियस्तरमा समेत चिनिन खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै प्रत्येक स्वास्थ्य स्वयंसेविकाको सम्मानस्वरूप अहिले पाइरहेको मासिक २ हजार भत्तालाई बढोत्तरी गरी ४ हजार रुपियाँ प्रदान गरिनेछ र यसलाई क्रमश: वृद्धि गरिनेछ ।

- स्वास्थ्य संस्थामा नियमित गर्भवती जाँच गरी सुत्केरी गराउने महिलालाई हाल रु. १,८००/- दिँदै आएकामा वृद्धि गरी रु. २,५००/- पुऱ्याइनेछ र यसलाई क्रमश: वृद्धि गरिनेछ ।
- कुपोषित बालबालिकाका लागि विशेष किसिमको पोषणको व्यवस्था गरिनेछ साथै पोषण पुनर्स्थापना गृह स्थापना गरिनेछ ।
- विद्यार्थीलाई पोषणसम्बन्धी जानकारी गराउन 'एक विद्यालय : एक नर्स' को व्यवस्था गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गरिनेछ ।

## ३. व्यावसायिक कृषि प्रणालीको विकास :

१ नगर क्षेत्रका कृषकलाई तीन भागमा वर्गीकरण गरिनेछ- ठूला, मध्यम र साना किसान । ठूला किसानलाई कृषि उद्यम गर्न न्यूनतम ब्याजमा कर्जा उपलब्ध गराइनेछ । मध्यमवर्गीय किसानलाई खेतीका लागि आवश्यक पर्ने जोत्ने प्रविधिहरू र मल, बिउमा अनुदान दिने । साथै गहुँ र धान काट्ने खर्चमा अनुदान दिने । त्यसका लागि प्रत्येक वडाका समुदाय स्तरमा पाँच/पाँचवटा थ्रेसर उपलब्ध गराउने ।

तेस्रो दर्जाका भूमिहीन, सुकुमबासी अर्थात आफ्नो जमिन नभएकालाई १० कठ्ठा भाडामा उपलब्ध गराउने । सुरुको वर्ष १०० प्रतिशत, दोस्रो वर्ष ८० प्रतिशत, तेस्रो वर्ष ६० प्रतिशत, चौथो वर्ष ४० प्रतिशत र पाँचौं वर्षमा २० प्रतिशत भाडा नगरपालिकाले बेहोर्ने ।

२. किसानलाई सिँचाइका लागि खेत खेतमा बिजुलीको पोल लगेर नि:शुल्क बिजुली उपलब्ध गराउने ।

३. किसानको बाली, पशु, माछापालन, फलफूल खेतीको बिमा गर्न सरकारले ८० प्रतिशत अनुदान दिने भनेकोमा थप २० प्रतिशत नगरपालिकाले बेहोरेर सबै किसानलाई बिमा गर्न प्रोत्साहन गर्ने । हरेक बस्तीको कम्तीमा ३ कि.मि. क्षेत्रफल खेतबारीमा दुईतर्फ ढोकासहित तारजाली बारबन्देज तथा आधुनिक प्रविधिबाट सिँचाईको प्रबन्ध मिलाउने ।

४. उन्नत पशुपालन प्रोत्साहन तथा चरन क्षेत्र निर्धारण र नियमनका साथै माछा, मासु र दूधमा कञ्चनरूपलाई आत्मनिर्भर बनाइ बढी भएको

उत्पादनको बजारका लागि सहजीकरण गर्ने ।

५. खेतीयोग्य जग्गामा माटोको क्षमता परीक्षण गरी तीन बाली उत्पादन, तरकारी र फलफूल खेतीमा ग्राह्यता दिएर उत्पादन बढाउने ।

६. सिँचाइका विभिन्न माध्यममध्ये नदीको पानी उपयोग गर्न सक्ने स्थानमा सिँचाइको नहर र कुलो बनाउने वा भूमिगत सिँचाइका विभिन्न सम्भावित विकल्पहरू प्रयोग गर्न लगाउने ।

७. करेसाबारीमा तरकारी र फलफूल खेती गर्न स्थानीयलाई प्रोत्साहन गर्न नगरपालिकाबाट बोट, बिरुवा, बिउविजन र विज्ञको परामर्श उपलब्ध गराउने ।

८. पेडा व्यवसायलाई टेवा दिनका लागि गाई र भैँसी पाल्ने किसानहरूलाई दूध बिक्रीको सुनिश्चितता गरी अहिले पालिरहेको पशुभन्दा दोब्बर गाईभैँसी पाल्ने वातावरण मिलाउन नगरपालिकाले सहुलियत दिने ।

९. सिँचाइको अभाव र विपद्का कारण उत्पादनमा कमी आएको बखत किसानको स्थानीय भूमि कर मिनाहा गर्ने ।

१०. पशुपालनमा गाई, भैँसी, सुंगुर, बंगुर, खसीबाख्रा, राँगा पालनलाई व्यावसायिकरूपमा अवलम्बन गर्न स्थानीय बासिन्दालाई सहुलियत, विज्ञताको सेवा दिन स्थानीय सरकार साथी बन्ने ।

११. कुखुरा, हाँस, बगेडी, टर्की पालन र अण्डा उत्पादनका लागि सिप, बिउ पुँजी र अवसरहरू जुटाइदिने र बिक्रीको समेत व्यवस्था मिलाउने ।

१२. किसानलाई सिजनमा खेती गर्न रु. २५ हजारदेखि १ लाखसम्म निर्ब्याजी रकम उपलब्ध गराइ उब्जाउ भएपछि फिर्ता गर्ने व्यवस्था गर्ने ।

१३. कृषि पेसा अङ्गाल्न चाहनेहरूका लागि सामूहिक खेती प्रणाली विकास गरी एकै किसिमको बाली लगाउने परम्पराको थालनी गर्ने र विभिन्न वडालाई विभिन्न बालीको पकेट एरिया बनाइ वैज्ञानिक तरिकाले जेटिए र जेटीहरूको निगरानीमा उत्पादन गर्ने व्यवस्था मिलाउने ।

१४. किसानहरूलाई मलखादको कमी हुन नदिइ समयमै आपूर्ति व्यवस्था गरिनेछ ।

## भूमि अधिकार

१. भूमि व्यवस्थापनलाई समग्र विकासको मूल आधारका रूपमा लिइ विद्यमान कानुनबमोजिम जग्गा दर्ता गर्न सकिने प्रक्रियालाई सरल र सहज बनाइ

स्थानीयकरण गर्न पहल गरिनेछ । मोही, गाउँब्लक, बेनिस्सा, स्वबासी जस्ता समस्या समाधान गर्न स्थानीय तहमार्फत सहजीकरण गरिनेछ ।

२. पैत्रिक सम्पत्तिमा महिलाको हक कायम हुने संवैधानिक व्यवस्था कार्यान्वयनमा समेत सहयोग पुग्ने गरी पति/पत्नीको नाममा संयुक्त पुर्जा निर्माण अभियान सञ्चालन गरिनेछ । यसका लागि स्थानीय सरकारले आफ्नो क्षेत्रको परिवेशअनुसार नीति तथा योजना बनाउनेछ ।

३. भूमिसम्बन्धी ऐन (आठौं संशोधन) २०२१ मा व्यवस्था भएबमोजिम भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनलाई रूपान्तरणकारी योजनाका रूपमा प्राथमिकता दिइनेछ । निश्चित समयभित्र काम सम्पन्न हुने गरी नीति, संरचना र बजेट निर्माण गरिनेछ ।

४. स्थानीय तहको अधिकार क्षेत्रअन्तर्गतका भूमिसम्बन्धी समस्या र सम्भावना अध्ययन गरी त्यसबाट प्राप्त सिकाइका आधारमा स्थानीय नीति, योजना, कार्यविधि निर्माण गरिनेछ । त्यस प्रक्रियालाई सहभागीमूलक बनाइनेछ । अध्ययन, नीति निर्माण, योजना कार्यान्वयन र अनुगमन प्रक्रियामा समेत समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

५. प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापन र भूमि अधिकारबाट वञ्चित समुदायको आवास तथा जीविकामा नकारात्मक असर हुने गरी कुनै पनि गतिविधि गरिने छैन । वातावरण संरक्षण, जलवायु अनुकूलन र सीमान्तकृत समुदायको आवास र जीविका सुनिश्चित हुनेगरी स्थानीय नीति, योजना निर्माण गरिनेछ ।

६. स्थानीय नीति, योजना, बजेट निर्माण गर्दा स्थानीय परिवेशलाई मुख्य आधार बनाइ सिर्जनात्मक, उत्पादनमूलक, रोजगारमूलक र किफायती योजनामा जोड दिइनेछ । आर्थिक, सामाजिक, सांस्कृतिकरूपले पिछडिएका वा वञ्चितीकरणमा परेका समुदायमा आउने सकारात्मक परिवर्तन आकलन गरी योजना, बजेट निर्माण तथा कार्यान्वयन गरिनेछ ।

७. भूमिको समग्र विकास, व्यवस्थापन र भूमिसँग सम्बन्धित सवाल सम्बोधनका लागि नेतृत्वदायी भूमिका निर्वाह हुनेगरी पालिका तहमा स्थानीय भूमि व्यवस्थापन एकाइ गठन गरिनेछ । त्यसको कामलाई प्रभावकारी बनाउन विशेष योजना निर्माण गरिनेछ ।

८. भूमि प्रशासनसँग सम्बन्धित कार्यलाई सहज र नियमित बनाउन मालपोत

कार्यालय, नापी कार्यालय पालिका तहमा स्थापना गर्न सङ्घ र प्रदेश तहमा पहल गरिनेछ । संयुक्त पुर्जा, अंशबन्डा जस्ता कार्यलाई अभियानका रूपमा सञ्चालन गर्न पालिका तहमा भूमि शिविर आयोजना गरिनेछ ।

८. स्थानीय सरकारले आफ्नो क्षेत्रको भूउपयोग योजना बनाइ भूमि र भूमि समस्या बेहोरिरहेका समुदायको उपयुक्त व्यवस्थापन गर्नेछ । त्यो कार्य सम्पन्न गर्न नसकुन्जेल हालको बसोबास क्षेत्रबाट कसैलाई हटाउने वा नयाँ परिवार बसाउने कार्य गरिने छैन ।

## ४. रोजगारी सिर्जना तथा उद्यमशीलता विकास :

१. सिप तथा रोजगारमूलक शिक्षा : पाँच वर्षमा कम्तीमा दुई हजार जनालाई आइटीसम्बन्धी तालिम उपलब्ध गराइ लोक सेवा तयारीका लागि कक्षा, पर्यटन, उद्योग, कलकारखाना, शिक्षण, सवारी चालक, पाइपलाइन, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल, सिकर्मी, डकर्मी जस्ता रोजगारीमूलक सिप विकास तालिमको व्यवस्था गरी रोजगारीमा जान दक्ष जनशक्ति तयार गर्ने । आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गर्दै उद्यमशीलता र उद्योग विकासबाट कम्तीमा १५० जना दक्ष जनशक्तिलाई प्रत्यक्ष रोजगारी दिलाउने ।

२. कृषि, पशुपालन र पर्यटन क्षेत्रका उद्यमी, हरित उद्यमी तथा व्यवसायीलाई तालिम, बिउ पुँजी अनुदान अर्थात वित्तीय सुविधा (बिनाधितो कम ब्याजदर ऋण) मा पहुँच दिलाउने । प्रत्येक घर/परिवारको कम्तीमा एक बैंक खाता अनिवार्य बनाउने तथा हरेक व्यक्ति र व्यवसायलाई डिजिटल पेमेन्टमा जोड्ने ।

३. प्रत्यक्ष रोजगारी र उद्यमशीलता विकासमा सहभागी हुन नसकेका घर/परिवारलाई गरिखाने कार्यक्रमबाट वार्षिक पचास हजारदेखि एक लाख रुपियाँसम्मको आम्दानी गर्न अवसर दिलाउने ।

४. स्थानीय उत्पादनको प्रशोधन र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाउन नगर कार्यालयले अनलाइन बजार तथा सुपरमार्केट चेनसँग सहकार्य गर्ने । उच्चशिक्षाका लागि शहरमा अध्ययनरत विद्यार्थीलाई पढाईसँगै कमाउने व्यवस्था मिलाउने ।

५. स्थानीय नागरिक तहमा सुशासन कायम गर्न हेरालो क्यालेन्डर कार्यविधि बनाइ लागु गरी स्थानीय बासीसँगको सहकार्यमा नगरपालिकाबाट कम्तीमा २५ जना हेरालो नियुक्त गर्ने ।

६. नगर प्रहरी कार्यालय स्थापना गरी आवश्यक जनशक्ति भर्ना गर्ने ।

७. मजदूरीमा महिला पुरुषमा समान ज्याला दिने, सरकारले तोकेको न्यूनतम ज्याला लागु गर्ने ।

८. नगरपालिका क्षेत्रमा बसोबास गर्ने प्रत्येक मजदूरको दुर्घटना बिमा नगरपालिकाले गर्ने ।

९. नगरपालिकामा औद्योगिक क्षेत्र बनाउन पहल गर्ने ।

१०. कोसी टप्पु क्षेत्रमा होमस्टे बनाएर पर्यटकमुखी व्यवसाय सञ्चालन गर्ने वातावरण मिलाउने ।

११. कोसी टप्पु क्षेत्रमा पाइने पटेरको गुन्द्री बनाउने कामलाई व्यावसायिक रूप दिन सहयोग गर्ने ।

१२. काम गर्न विदेश जानेहरूलाई आवश्यकताअनुसारको भाषा र सिप उपलब्ध गराइ सहुलियत कर्जाका लागि पहल गरिने ।

१३. नगरभित्र रहेका ढुङ्गा, गिट्टी बालुवा, माटो, काठ, दाउरा, जराजुरी आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरूको संरक्षण र सम्बर्द्धन गर्ने ।

१४. हरेक बस्तीमा सुपथ मूल्य पसल तथा स्थानीय उत्पादन सङ्कलन केन्द्र व्यवस्था गर्ने ।

१५. कृषक र उपभोक्तालाई जोड्न तथा माछा, मासु, तरकारी तथा फलफूल किनबेचका लागि नगर बजार स्थापना गर्ने र नगरस्तरीय साप्तहिक, मासिक र वार्षिक मेला आयोजना गर्ने ।

१६. पेडा व्यवसायीका लागि कञ्चनरूप नगरपालिका वडा नं. २ मा दूध भण्डारण गर्न चिस्यान केन्द्र स्थापना गर्ने ।

१७. बरमझियाको पेडालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय ब्रान्ड बनाउन प्रचार अभियान चलाउने ।

१८. नगरबासी विद्यार्थीको उच्च शिक्षाका लागि शहरका मुख्य शैक्षिक संस्थाहरू, जटिल रोगका बिरामीहरूलाई अस्पतालहरू र रोजगारीका लागि सङ्घ/संस्था तथा कम्पनीहरूसँग सहकार्य तथा सहजीकरण गर्ने ।

१९. परम्परागत सिपहरूलाई आधुनिकीकरण गरी व्यावसायिक बनाउने । मेसिन र बिजुली प्रयोग गरी उत्पादन गर्न विजुली नभएको टोलमा बिजुलीको पोल जडान गरी घर-घरमा मिटर जोड्ने सुविधा स्थानीय सरकारको तर्फबाट गर्ने ।

२०. मैनबत्ती, साबुन, पापड, मुरही, चिउरा, दालमोठ, भुजिया, मसला, अगरबत्ती उत्पादनका लागि सिटिइभिटीको पाठ्यक्रममा आधारित तालिम दिने । सिप सिकेकालाई उनीहरूको क्षमताअनुसार समूह बनाएर उत्पादनका लागि कच्चा पदार्थ उपलब्ध गराएर उत्पादित सामग्रीको बजार प्रबन्ध मिलाउने ।

२१. मोबाइल मर्मत, बिजुली बत्तीको वाइरिङ तालिम, फर्निचर मिस्त्री, बाँस र काठको विभिन्न सामग्री बनाउने, जुत्ता बनाउने, सिलाइकटाइ तालिम, ब्युटिसियन तालिम, पत्रकारिता तालिम, फोटो तथा भिडियोसम्बन्धी तालिम, घर बनाउने, डोरी बनाउने, चुलो बनाउने, फलामका कृषि औजार बनाउने आदि तालिम सञ्चालन गरेर स्थानीयलाई दक्ष तथा स्वरोजगार बनाइने ।

२२. नगरपालिकाका युवाहरूलाई आवश्यकताका आधारमा सिप विकास गरी प्रत्येक वर्ष कम्तीमा १०० जना गरिब, विपन्न युवालाई वैदेशिक रोजगारीमा जान आर्थिक सहयोग गरिनेछ ।

## ५. सामाजिक विकास :

१. सामाजिक गतिविधिहरूलाई सहजरूपमा सञ्चालन गर्न नगरपालिकाले विभिन्न सामाजिक सङ्घ/संस्था दर्ता गर्न प्रोत्साहन गरी नगरपालिका र सामाजिक सङ्घ/संस्थाको सहकार्यमा सामाजिक विकासका कामहरू गर्ने ।

२. सहकार्य, विकास र सुशासनमा प्रभावकारिताका लागि नगरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधि र नागरिक समाजका विज्ञ व्यक्तिहरूसहितको सल्लाहकार परिषद् बनाउने ।

३. नगरको पर्यावरण, संभावना र नगरबासीको उन्नतिका लागि चिन्तन, विमर्श र खोजका लागि 'आइडिया क्याफे' सञ्चालनमा ल्याउने ।

४. नगर क्षेत्रमा बसोबास गर्ने सबै जाति समुदायको धर्म/संस्कृतिको संरक्षण र सहभागिताको अवसर सिर्जना गर्ने ।

५. स्थानीय तहमा जातीय छुवाछूत तथा विभेदविरुद्धका क्रियाकलाप अन्त्य गर्न दबाबमूलक अनुगमन समिति गठन गरी सक्रिय तुल्याउने ।

६. गरिबी परिचयपत्र व्यवस्था गर्ने ।

७. विपन्न, अपाङ्गता भएकालाई घर-घरमा गएर नागरिकता वितरण गर्न जिल्ला प्रशासन कार्यालयको समन्वयमा घुम्ती शिविरहरू आवश्यकताअनुसार सञ्चालन गर्ने ।

८. न्यायिक समितिलाई चुस्त र बलियो बनाइ छुवाछूत, बालविवाहलगायत समाजमा विद्यमान कुरीति र लैङ्गिक, जातीय तथा अन्य कुनै पनि किसिमको सामाजिक विभेद र भेदभाव अन्त्यका लागि कडाइका साथ कानुन कार्यान्वयनमा जोड दिने । पीडितलाई कानुनी उपचारमा पहुँच सुनिश्चित गर्ने ।

९. अपाङ्गता भएका बालबालिकाको विशेष शिक्षा तथा आवासको व्यवस्था गर्ने ।

१०. विभेदमा शून्य सहनशीलता : लैङ्गिक तथा जातीय विभेदपीडितहरूका लागि व्यवस्थित सुरक्षा घरको व्यवस्था गर्नुका साथै टोल फ्रि वा आधुनिक प्रविधिको प्रयोगबाट तत्काल रिपोर्ट गर्न र नगरले सम्बोधन गर्ने व्यवस्था मिलाउने ।

११. नगर एफएम र मासिक पत्रिकामार्फत सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

१२. कञ्चनरूप सुपर मार्केट : नगरबासीको खाद्य सुरक्षाका लागि स्थानीय उत्पादन उपभोगका लागि सहज व्यवस्था गर्ने र बाहिरबाट ल्याउनैपर्ने दैनिक उपभोग्य सामग्री सहज र सहुलियत दरमा उपलब्ध गराउने ।

१३. दलित, महिला, अपाङ्गता भएका र अल्पसङ्ख्यक तथा गरिब नागरिकलाई प्रिभिलेज कार्ड उपलब्ध गराउने जसबाट अस्पतालमा टिकट फ्रि, स्कुलमा भर्ना फ्रि तथा आधारभूत दैनिक उपभोग्य सामान किनमेल तथा नगर कार्यालयबाट पाइने सेवा/सुविधामा विशेष सुविधा मिल्नेछ ।

१४. कञ्चनरूप नगरपालिकालाई 'समृद्ध कञ्चनरूप' का रूपमा नमुना नगरपालिका बनाउन पहल गरिनेछ । यसका लागि देश/विदेशमा छरिएर रहेका यस नगरपालिकाका विशेषज्ञ एवं आदरणीय व्यक्तित्वहरूको विद्वता, सुझाव तथा अन्य सहयोग सदुपयोग गरिनेछ ।

१५. नगरभित्रका छाडा चौपाया नियन्त्रण गर्ने ।

१६. प्रत्येक वडामा एक खेलमैदान र योग भवन निर्माण गरी स्पोर्टस क्लबलाई वार्षिक पचास हजार रुपियाँ बजेट व्यवस्था गरी सञ्चालन गर्न सघाउने । कञ्चनरूप स्पोर्टस एकेडेमी स्थापना गरी कम्तीमा पाँच खेलको नियमित

प्रशिक्षणका साथमा नगरपालिकाले नै वार्षिकरूपमा कञ्चनरूप गोल्ड कप (भलिबल, फुटबल र क्रिकेट) आयोजना गर्ने ।

१७. कञ्चनरूप नगर प्रतिभा पुरस्कार स्थापना गरी हरेक वर्ष साहित्य, शिक्षा, सङ्गीत, खेलकुद र पत्रकारिता क्षेत्रमा योगदान दिने एक/एक जनालाई कदरपत्रसहित पचास हजार (रु.५०,०००) का दरले र उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी र उपभोक्ता समितिलाई तीस हजार (रु.३०,०००) पुरस्कारले सम्मान गर्ने ।

१८. कञ्चनरूप नगर पुस्तकालय तथा सिप र नेतृत्व विकास केन्द्र स्थापना गरी १२ माथि ३० वर्षमुनिका सबैलाई पठन संस्कृतिको विकास, अङ्ग्रेजी भाषा, कम्प्युटर शिक्षा र नेतृत्व विकास तालिमसँगै सरकारी, गैरसरकारी र स्वरोजगारीका लागि तालिम केन्द्र स्थापना गरी अवसर सिर्जना गर्ने ।

१९. कञ्चनरूप कचहरी : शैक्षिक, साहित्य, सङ्गीत, संस्कृति, सामाजिक, राजनीतिक तथा आर्थिक विषयका तालिम तथा गोष्ठीहरू आवश्यकताअनद्रसार निरन्तर सञ्चालनमा ल्याउने ।

२०. कोसी टप्पुबाट आउने जङ्गली जनावरबाट आक्रमण भई मृत्यु भएका व्यक्तिको परिवारलाई क्षतिपूर्ति तथा बालबालिकालाई नि:शुल्क शिक्षाको व्यवस्था र घाइतेहरूको उपचारको व्यवस्था मिलाउने ।

२१. चरिचरण, काठ दाउरा, माछा मार्ने, निउरो साग उपयोग गर्न कोसी टप्पु मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बासिन्दा र कोसी टप्पु प्रशासनबीच मासिक छलफल गर्न जनप्रतिनिधिबाट समन्वय तथा छलफल गर्ने ।

२२. सार्वजनिक/ऐलानी/पर्ती जग्गा अद्यावधिक गरी अभिलेख राखी आवश्यकताअनुसार वन, पार्क, पोखरी निर्माण गर्ने ।

२३. नगरपालिकाभित्रका युवाको जनसङ्ख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक, आर्थिक अवस्था, अपाङ्गता, पेसा/व्यवसाय जस्ता विषयमा तथ्याङ्क राख्ने र अद्यावधिक गरिने ।

२४. प्रत्येक वडामा युवाको क्षेत्रमा सक्रिय समूह, बेरोजगार युवाहरू पहिचान गरी अभिलेख राख्ने, युवा क्लब, युवा नागरिक सामाजिक सङ्घ/संस्था, युवा कृषि सहकारी, उद्यमी युवा, स्वयंसेवी जस्ता युवाका सङ्गठित समूहलाई सहकार्यका लागि आह्वान गरिने ।

२५. इच्छुक युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रुचिअनुसारको क्षेत्रमा संलग्न गराउन रोस्टर तयार गरी आवश्यकताअनुसार सहभागी गराइने ।

२६. युवाहरूको नेतृत्वमा सूचना प्रविधि प्रयोग गरी तथ्याङ्क सङ्कलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिने ।

२७. स्थानीय तहभित्रका विभिन्न विषयगत योजना निर्माण प्रक्रिया, कार्यान्वयन र अनुगमन कार्यमा युवालाई संलग्न गराइ साझेदार र विज्ञ सल्लाहकारका रूपमा आबद्ध गराइने ।

२८. नगरसभा र कार्यपालिका बैठक (गोप्य राख्नैपर्नेबाहेक) पारदर्शी र जनउत्तरदायी बनाउन एफएम र सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाइने ।

२९. योजना सम्झौता, बैङ्क खाता सञ्चालन, कार्यमूल्याङ्कन तथा प्रतिवेदन तयारदेखि अन्तिम भुक्तानीसम्म उपभोक्ता समितिका सदस्यहरूलाई सहजीकरण गर्न हरेक वडामा कर्मचारी व्यवस्था गरिने ।

**ज्येष्ठ नागरिक :**

- कञ्चनरूप न.पा.का ६५ वर्षमाथिका ज्येष्ठ नागरिकमध्ये वार्षिक ३० जनाका दरले पशुपतिनाथ, स्वयम्भु जस्ता तीर्थस्थलको यात्रा गराइने ।
- ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई नगरबाट थप वार्षिक १,००० रुपिया भत्ता दिने ।
- ज्ञान, संस्कृति र सिकाइको पुस्तान्तरणका लागि हरेक बस्तीमा बाल-वृद्ध पार्क तथा क्याफे सञ्चालन गर्ने ।
- प्रत्येक वडामा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ । उक्त केन्द्रमा चियापानसहित ज्येष्ठ नागरिकलाई मनोरञ्चन र भजन/कीर्तनको व्यवस्था गरिनेछ ।

## ६. आवासको व्यवस्था :

१. दलित, विपन्न, सीमान्तकृत समुदायका लागि वडापिच्छे प्रत्येक वर्ष सय घर आवासको व्यवस्था ।

२. कोसी टप्पु क्षेत्रभित्रका बस्तीलाई नयाँ घरसहित बस्तीयोग्य स्थानमा

व्यवस्थापन गर्ने ।

३. कोसी टप्पु मध्यबर्ती आसपासका बस्तीमा मानवीय क्षति रोक्न घेराबेरा गर्ने ।

४. फुसको घरलाई टिनको बनाउन नगरपालिकाले सहयोग गर्ने ।

५. बस्तीमा वार्षिकरूपमा हुने डुवान रोकथाम गर्न बाँध, ढल, कुलो निर्माण गर्ने ।

६. पाहुना बस्न, छलफल गर्न, बालबालिकालाई ट्युसन पढ्नका लागि बस्तीपिच्छे व्यवस्थित सूचना केन्द्र बनाउने ।

## ७. डिटिजल कञ्चनरूप :

- नगरपालिकाको हरेक बस्तीमा बिजुली, इन्टरनेट र फोर जी मोबाइल नेटवर्कको सुविधा उपलब्ध गराउने ।
- सेवा प्रवाह छरितो, चुस्त र पारदर्शी बनाउन कञ्चनरूप नपाको कार्यालय र वडा कार्यालयहरूमा आइटी नेटवर्क, डिजिटल डिस्प्ले र सिसी क्यामरा जस्ता प्रविधि जडान । अनलाइन घटना दर्ता तथा पञ्जिकरण व्यवस्था मिलाउने र सोका लागि लाग्ने रिफारिस तथा नगरपालिकाको कार्यालयबाट गरिने सिफारिसपत्रका लागि लाग्ने शुल्क अधिकतम् रु. २० कामय गरी लागु गराउने । वडा तथा नगरपालिकामा दिनुपर्ने निवेदन नि:शुल्करूपमा लेख्ने व्यवस्था मिलाउने वा त्यस्तो फारम निर्माण गरी कार्यान्वयन गर्ने ।
- कञ्चनरूप एप नगरबासीको घर-घरमा सेवा लिन सक्ने बनाउने ।
- ओपन गभर्नेन्सको मान्यतालाई अङ्गाल्दै नगरका हरेक सूचना र जानकारी अनलाइन र कार्यालयमा सार्वजनिक पहुँचमा राख्ने ।

## ८. कञ्चनरूप पर्यटन गेट वे :

- पर्यटकका लागि होटल तथा रेस्टुरेन्टको मापदण्ड बनाउने र उक्त मापदण्ड पूरा गर्ने पर्यटन व्यवसायीलाई सूचीकृत गर्ने तथा पर्यटन व्यवसाय लगानीकर्तालाई सहज वातावरण बनाइदिने ।
- पाँच वर्षमा कम्तीमा २०,००० पर्यटक भित्र्याउने क्षमताका होटल, टि सप तथा अन्य पूर्वाधार निर्माण तथा सञ्चालनमा ल्याउने ।
- जनशक्ति तथा आधुनिक सुविधासहितका मौलिक भौतिक पूर्वाधार निर्माणमा स्थानीय तथा पर्यटन व्यवसायीसँग सहकार्य ।

- सांस्कृतिक तथा प्रकृतिमैत्री पर्यटन प्रबर्द्धन गर्ने र रैथाने तथा अर्गानिक खानपिनको व्यवस्था गर्ने ।
- कोसेली तथा चिनो पसल सञ्चालन गर्ने ।
- पर्यटनस्थलहरूमा सार्वजनिक धारा, स्नानगृह तथा शौचालय व्यवस्था गर्ने ।

## ९. **वातावरणीय विकास :**

१. विपद् व्यवस्थापनसम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यक्रम तयार गर्ने ।

२. सबै सडकका दुवै किनारामा फूल, रुख, बिरुवा रोपेर सडकलाई हरियाली बनाउने ।

३. खाली जग्गामा वृक्षरोपण गरिने ।

४. जलवायु परिवर्तन अनुकूलताको अवधारणामा आधारित रहेर सबै गतिविधि सञ्चालन गरिने ।

५. सेन्डाइ फ्रेमवर्कका आधारमा विपद् व्यवस्थापन न्यूनीकरणका कार्य अघि बढाइने ।

६. विपद् उत्थानशील नगरपालिका बनाउन आवश्यक पहल गरिने ।

## १०. **व्यापार :**

१. कञ्चनरूप नगरपालिकाको बजेटबाट हुने कुनै पनि काममा प्रयोग हुने सामान सम्भव भएसम्म नगरपालिकाभित्रकै व्यापारीबाट खरिद गरिने व्यवस्था मिलाइने ।

२. कञ्चनरूप नगरपालिकाअन्तर्गत कञ्चनपुर बेरियर, बरमझिया, महादेवपट्टी, रूपनगर, सिमरा, बुलवा, भगनी मलेठलगायतका मुख्य बजारलाई सौन्दर्यकरण गरिने ।

३. कञ्चनरूप नगरपालिकालाई ५ वर्षभित्र हरित नगरी बनाउन १० लाख बिरुवा रोपिने ।

४. कञ्चनरूप नगरपालिकामा आबद्ध हुन नसकेका व्यापारीहरूलाई एकपटकका

लागि नियमअनुसार कर छूट गरी कञ्चनरूप व्यापार सङ्घसँग समन्वय गरी कार्यस्थलमै पुगेर आबद्ध गराउन विशेष अभियान सञ्चालन गरिने ।

५. नगरपालिकाभित्र रिङरोड सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी त्यसलाई कार्यान्वयन गरिने ।

६. भूउपयोग नीति बनाएर शहरीकरण र औद्योगिक क्षेत्र सञ्चालन गरी रोजगारी सिर्जना गरिने ।

७. प्रत्येक वर्ष काठमाडौंलगायत देशका मुख्य शहरहरूमा 'कञ्चन महोत्सव' आयोजना गरी कञ्चनरूपको उत्पादन (पेडा, आँप आदि) को प्रचार/प्रसार गरिनेछ ।

## कञ्चनरूप नगरपालिकाका मूल्य/मान्यता

१. **सम्मानित नागरिक**

२. **सबैलाई बराबर अवसर**

३. **स्थानीयताको महत्व**

४. **निर्णय तहमा नागरिकको सहभागिता**

५. **नागरिकप्रति उत्तरदायी र पारदर्शी जनप्रतिनिधि र कर्मचारी**

६. **सच्चा, सबल र पारदर्शी र परिवर्तनकारी नेतृत्व**

७. **समानता, समावेशिता, पर्यावरणीय तथा सामाजिक न्यायसहितको समृद्धि**

## प्रतिबद्धता पूरा हुने आधार

१. स्थानीय आयस्रोत वृद्धिमा ध्यान दिने । कर, लगानी र आम्दानी, नगर विकास कोष तथा अन्य स्रोतबाट ऋण लिने ।
२. प्रदेश र सङ्घ सरकारबाट प्राप्त हुने निसर्त र ससर्त अनुदान तथा परियोजनाका आधारमा समन्वय तथा पहल गर्ने ।
३. देश तथा विदेशका उद्योगी, व्यवसायी तथा सङ्घ/संस्थाहरूसँग सहकार्य गर्ने ।
४. देशभित्र र बाहिरका पालिकाहरूसँग सहकार्य तथा मितेरी सम्बन्ध गाँसी ज्ञान, सिप, प्रविधि तथा लगानीको वातावरण बनाउने ।
५. आधुनिक प्रविधि र परम्परागत ज्ञान तथा सिपको समिश्रण गरी समस्याको समाधान तथा संभावना पहिल्याउने कुरामा जोड दिने ।

**अन्त्यमा,**

लगाव र लगानीका लागि चुनावको यस महत्वपूर्ण क्षणमा दृढ भएर सोच्नूस् । अनि छाता छापमा मोहर हानेर जनता समाजवादी पार्टीका मेयरका उम्मेदवार भोलाकुमार पासवानसमेत सम्पूर्ण टिमलाई विजयी बनाऔँ । त्यसपछि लगत्तै हामी यो प्रतिबद्धता कार्यान्वयनमा जुटिहाल्ने छौँ ।

**भोलाकुमार पासवान**
**नगर प्रमुख (मेयर) पदको उम्मेदवार**
**कञ्चनरूप नगरपालिका**

लगाव र लगानीका लागि चुनावको यस
महत्वपूर्ण क्षणमा दृढ भएर सोचौँ ।

छाता छापमा मोहर हानेर जनता समाजवादी
पार्टीका मेयरका उम्मेदवार भोलाकुमार
पासवानसमेत सम्पूर्ण टिमलाई विजयी बनाऔँ ।

